परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक
वर्ष १३ | अंक २ | २०८१ श्रावण १३ आईतवार | Sunday 28, JULY 2024 | पृष्ठ: ६, | मूल्य रु. १०/-

**नेपाल खानेपानी संस्थान**
शाखा कार्यालय, विराटनगर
**सूचना**
गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।
पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## कोशी प्रदेशमा प्रहरीको दर्वन्दी अनुसार १ प्रहरीले ४ सय ६३ मानिसलाई सुरक्षा दिनुपर्ने अवस्था

**राजेश कुमार राजवंशी**

विराटनगर । कोशी प्रदेशमा प्रहरीको दर्वन्दी अनुसार १ प्रहरीले ४ सय ६३ मानिसलाई सुरक्षा दिनुपर्ने अवस्था रहेको सार्वजनिक गरेका छन् । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले मंगलवार आर्थिक बर्ष २०८०/०८१ को बार्षिक कार्य प्रगति विवरण सार्वजनिकीकरण कार्यक्रममा सो कुरा सार्वजनिक गरेको थियो ।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको सभाहलमा आयोजित कार्यक्रमका वीच कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव माहानिरीक्षक चन्द्र कुबेर खापुङको प्रमुख आतिथ्यतामा बार्षिक कार्य प्रगति विवरण सार्वजनिकीकरण भएको थियो ।

त्यसैगरी क्षेत्रफलको अनुपात मा १ प्रहरीले २.४२ किलोमिटरमा सुरक्षा दिनुपर्ने हुन्छ । घरघुरी (परिवार) को अनुपातमा १ प्रहरीले १ सय ११ घर परिवारलाई सुरक्षा दिनुपर्ने हुन्छ । कोशी प्रदेशको जनसंख्या ४९ लाख ६१ हजार ४१२ रहेको छ । क्षेत्रफल २५ हजार ९०५ वर्ग किलोमिटर रहेको छ भने ११ लाख ९१ हजार ५५६ घर परिवार रहेको छ । प्रहरी दर्वन्दी १० हजार ७१७ जना रहेकोमा कार्यरत १० हजार ३२ रहेको तथ्यांक प्रस्तुत गरको थियो ।

सातवटा विषयबस्तुहरु छुट्याएर तथ्याँक प्रस्तुत गरेका थिए । विषयबस्तुहरका मानव स्रोत व्यवस्थापन, अपराध नियन्त्रण तथा अनुसन्धान, विपद व्यवस्थापन, सामुदायिक गतिविधी, ट्राफिक व्यवस्थापन, सफल अनुसन्धान र वार्षिक कार्य र प्रगती विवरण राखेका थिए ।

प्रगती विवरण अनुसार कोशी प्रदेश प्रहरी कार्यालय अन्तर्गत कायम स्थायी प्रहरी इकाई संख्या जनपद ५०२, ट्राफिक १८ गरी जम्मा ५२० रहको छ । अतिरिक्त जनशक्ति व्यवस्थापन अन्तर्गत प्रदेश सभा सचिवालय संख्या १ प्रहरी संख्या ३४, अस्थायी प्रहरी पोष्ट १८१ प्रहरी संख्या १०४१, अस्थाई ट्राफिक प्रहरी पोष्ट २५९ प्रहरी संख्या १२९१ रहेको छ ।

कोशी प्रदेशमा आर्थिक वर्ष २०८०/०८१ मा २१९३ जनालाई पुरस्कृत गरिएको छ भने ३१२ जनालाई कारवाही गरेको छ । त्यसैगरी ५२२९ जनालाई सरुवा गरिएको तथ्याँक छ । तालिम २४९ जनालाई दिएको छ भने ३७५६ जनालाई प्रशिक्षित गरिएका छ । यस आर्थिक वर्षमा ९३८७ मुद्दा दर्ता भएकोमा भई ७१५८ जना मानिसलाई पक्राउ गरिएको छ ।

कोशी प्रदेशमा आर्थिक वर्ष २०८०/०८१ मा सामाजिक अपराध अन्तर्गत १५७४, आत्महत्या १५५४, लागुऔषध १०३९, बैकिङ्ग कसुर १००४, चोरी तथा डाका ७५३, जवरजस्ती करणी ५१७, ठगी २८५ र कर्तव्य ज्यान ११६, जबरजस्ती करणी उद्योग ११३, किर्ते सम्बन्धि ४४, साईवर अपराध २४, मानब बेचविखन ११, अन्य २३५३ गरी जम्मा ९३८७ मुद्दा दर्ता भएका छन् । फरार प्रतिवादी पक्राउ संख्या २३८५ रहेको छ भने १२१६ वर्ष ४ महिना ४ दिन कैदवर्ष रहेको छ । जरिवना रकम ८६ करोड ४८ लाख २९ हजार ४२९ असुल उपर गरिएको छ ।

लागुऔषध गाँजा १० हजार ४२० केजी, ४९ ग्राम, चेरश ८६ ग्राम १८० मिलिग्राम, ब्राउन सुगर ३ केजी ८८० ग्राम २४९ मिलिग्राम, विभिनन मनोद्धिपक चक्की ७८ हजार ३३८, विभिनन मनोद्धिप सूइ (एम्पुल) ७ हजार ३८७, मनोद्धिपक पदार्थ (बोतल) २३६, ५ हजार २१० रोपनीमा लगाएको २२ लाख ९६ हजार ९७२ वोट गाँजा नष्ट गरिएको तथ्यांक प्रस्तुत गरेका थिए ।

त्यसैगरी भन्सार चोरी तस्करी तर्फ राजश्व असुली तर्फ १२ करोड ३८ लाख ११ हजार २१६ गरेको छ भने ४३ जना मानिसहरु पक्राउ गरिएको थियो । प्राकृतिक सम्पदा, नदीजन्य पदार्थ दोहन तर्फ ४४ लाख १९ हजार १३५ राजश्व संकलन गरी ५८ जना मानिस पक्राउ गर्नुका साथै ३४४ सवारी साधन पक्राउ गरिएको थियो ।

अबैद्ध वन पैदावार तर्फ ८० लाख ९७ हजार १६५ राजश्व संकलन गरी ३१ जना मानिसलाई पक्राउ गरी ५ हजार ४९६ क्युविक फीट काठ बरामद गरेको थियो । हुण्डी र स्रोत नखुलेको रकम मध्ये हुण्डी तर्फ सुनसरीबाट ३ लाख १६ हजार रुपियाँ २ जना मानिस र मोरंगबाट ५४ लाख ७४ हजार १५ रुपियाँ ४ जना मानिसलाई राजश्व अनुसन्धान कार्यलय इटहरीमा बुझाएको थियो ।

स्रोत नखुलेको रकम तर्फ मोरंगबाट २२ लाख ७८ हजार नेपाली रुपियाँ, ११ लाख १८ हजार १८० भारतीय रुपिया र ९ हजार २ सय यूएस डलर र ४ जना मानिस, सुनसरीबाट ३ लाख १६ हजार नेपाली रुपियाँ, बैक अफ मोरिटस लेखिएको १२ हजार ५५० र सेन्थरल बैक अफ श्रीलंका लेखिएको ४५ हजार १९० र २

वांकी अन्तिम पेजमा...

## कोशी प्रदेश सरकारमा चार-चार मन्त्रालय लिने सहमती



विराटनगर । कोशी प्रदेश सरकारमा नेकपा (एमाले) र कांगेसले चार-चार मन्त्रालयले लिने सहमती गरेका छन् । दवै दलको काठमाण्डौमा बसेको बैठकले भागवण्डा टुग्याएको हो ।

कोशी प्रदेश सरकारका मुख्य मन्त्री हिकमत कुमार कार्की र नेपाली कांग्रेस संसदीयल दलका नेता उद्धव थापा बीच भएको बैठकले मुख्यमन्त्रीमा आलो-पालीसहित चार-चारवटा मन्त्रालय लिने गरी सहमती भएको बैठकमा सहभागी एक नेताले वताए ।

सहमति अनुसार केन्द्रमा प्रधानमन्त्री फेरीए कोशी प्रदेशमा पनि मुख्यमन्त्री फेरीने सहमती भएको छ ।

नेपाली कांग्रेसले माओवादी केन्द्रको भागमा परेका मन्त्रालयहरु र थप एक मन्त्रालय लिने भएको छ ।

कांग्रस र एमाले बीच भागवण्डा टुगो लागेपछि कांग्रेस भित्र मन्त्रीबन्ने दौड झनै बढ्ने भएको छ ।

कोशी प्रदेशमा कांग्रेस संस्थापन पक्षका नेताहरु अमृत अर्याल, प्रदीप सुनुवार, हिमाल कार्की, खगेनसिंह हङ्गामा डोल्मा तामांग रहेको छ भने सिटौला पक्षका भीम पराजुली, भुपेन राई र शेखर कोईराला पक्षका बहुसंख्यक सांसदहरु मन्त्री बन्ने दौडमा रहेका छन् ।

कोशी प्रदेशमा सहभागी नेकपा माओवादी केन्द्रका ३ मन्त्री र १ राज्यमन्त्रीले शुक्रवार राजीनमा दिएका थिए । सरकारमा सहभागी मन्त्रीले शुक्रवार लिखित रुपमै राजीनामा दिएपछि प्रदेश सरकारबाट माओवादी केन्द्र बाहिरिए पछि । शनिवार कांग्रेस र एमाले बीच सहमती भएको छ ।

कोशी प्रदेश सरकारमा माओवादी केन्द्रबाट १७ असारमा

वांकी अन्तिम पेजमा...






परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## कोशी...

जना मानिस, झापाबाट ८ लाख ७८ हजार ५ सय नेपाली रुपिया, भियतनाम देशको नोट ८ लाख १६ हजार, सेनटरल बैक अफ इजिप्ट उल्लेख भएको १ सय १६ नोट, बैक नेगरा मलेसिया उल्लेख भएको १४ थान नोट र ३ जना मानिस पक्राउ गरेको थियो । कुल राजश्व तथा जरीवनाबाट कुल १ अर्व १८ करोड ५७ लाख ८२ हजार २५१ रुपियाँ रहको छ ।

त्यसैगरी कोशी प्रदेशमा विपद तर्फ २ हजार ८७९ स्थानमा विपद आई ७७ जनाका मृत्यु, २७७ घाईत, ४ जना वेपत्ता भएको छ । भौतिक क्षति तर्फ अनुमानित मुल्य १ अबै ३८ करोड ३ लाख ६१ हजार ७६५ रहेको छ । प्रभावित घर संख्या २ हजार २०३, विस्थापित घर संख्या १ हजार ४३८, सुरक्षित स्थानमा स्थानान्तर भएको प्रहरी विटबाट उद्धार ५१८, प्रहरी परिचालित संख्या १७ हजार ६८० रहको छ ।

सामुदायिक गतिविधी तर्फ क्रियाकलाप संख्या साइवर अपराध सम्वन्धी २ हजार १०८, लागुऔषध तर्फ ४ हजार ६०८ ट्राफिक तर्फ १ हजार ६४७, अन्य २२ हजार २५० गरी ३० हजार ६१३ रहेको छ । ती क्रियाकलापबाट १२ लाख ६६ हजार ४७४ जना लाभान्वित भएका तथ्याँकमा उल्लेखछ । लागुऔषध दुर्व्यसन विरुद्ध आमाहरु अभियान अन्तर्गत कोशी प्रदेशमा ४५१ वटा कार्यक्रम भई १३ हजार ९७३ जना लाभान्वित भएको छ ।

त्यसैगरी संचेतना मुलक भिडियो तथा पि.एस.ए निर्माण तर्फ सुरक्षका ५ उपायहरुमा आत्महत्या, वाढीपहिरो, डढेलो, अनलाईन ठगी, लागुऔषध, चट्यांङ, र ठगी, फिल्महल संचेतनामा अनलाईन ठगी, समाजिक संजाल दुरुपयोग, लागुऔषध दुर्व्यवसायन, सृजना तर्फ आत्म हत्या डिपरेशन, संचेतना तर्फ मानव वेचविखन रहेका छन् ।

ट्राफिक व्यवस्थापन तर्फ सवारी कारवाही संख्या २ लाख ५५ हजार ९१२, राजश्व संकलन १७ करोड ३१ लाख १५ हजार ९०३, दुर्घटना संख्या ३ हजार ५६३, मानविय क्षति (मृत्यु) ३९७, मानविय क्षति घाईत ६ हजार ७६ रहको छ । त्यसैगरी उत्कृष्ठ १० अपराधमा संलग्न भएकाहरुलाई कारवाही गरेको फेहरिस्त सुनाएका थिए ।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक भीम बहादुर दाहालले कोशी प्रदेश प्रहरी कार्यालयले १ बर्षको अवधिमा गरेका सफल अनुसन्धान, अपराध नियन्त्रण तथा अनुसन्धान, विपद व्यवस्थापन, ट्राफिक व्यवस्थापन, सामुदाय प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत भएका सचेतनामुलक कार्यक्रम लगायत प्रहरीले गरेका नविनतम कार्यहरुको विवरण प्रस्तुत गर्नु भएको थियो ।

उक्त कार्यक्रममा उपस्थित संचारकर्मीहरुबाट उठेका जिज्ञासाहरुको प्रदेश प्रहरी प्रमुख खापुङले सम्वोधन गर्नु भएको थियो । उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अवि नारायण काफ्ले, सिनियर प्रहरी अधिकृतहरु तथा बिभिन्न संचार माध्यममा आवद्ध संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

## कोशी प्रदेश...

केन्द्रमा सत्ता समीकरण परिवर्तन भएपनि प्रदेश सरकारबाट माओवादी केन्द्र बाहिरिएको थिएन । मुख्यमन्त्री हिक्मतकुमार कार्कीले आफूलाई अफठ्यारो भएको बताएपछि माओवादीका मन्त्रीहरुले राजीनामा बुझाएका थिए ।

माओवादीबाट कोशी प्रदेश सरकारमा गणेश उप्रेती भौतिक पूर्वाधार, राजेन्द्र कार्की स्वास्थ्य, नारायण बुर्जामगर पर्यटन वन तथा वातावरण मन्त्री र बन्दना झागड वन पर्यटन तथा वातावरण राज्यमन्त्रीको जिम्मेवारीमा रहको थियो ।

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आङ्बोले माओवादीले बनाएको मुख्यमन्त्री हिक्मतकुमार कार्कीले चाहेसम्म सरकारमा बसेको जानकारी गराएका थिए । सरकार छाड्नुअघि पत्रकार सम्मेलन गर्दै उहाँले मुख्यमन्त्रीले सहमतिको सरकार बनाउन चाहेका कारण केन्द्रमा समीकरण फेरिए पनि प्रदेश सरकारमा बसेको दावी गरेका थिए ।

मुख्यमन्त्रीले सहमतिको सरकार बनाउन नसक्ने बताएपछि सरकार छाडेको भएपनि समर्थन फिर्ताको विषयमा भने संसद सुरु भएपछि निर्णय गर्ने भएको छ । अव केही दिनमै कांग्रेस र जसपावाट सरकारमा सहभागी हुने भएको छ । कोशी प्रदेश सरकारमा नेकपा एमाले र नेपाली कांग्रेसले आलोपालो सरकारमा संचालन गर्ने तर्फपनि विचार विमर्श भई रहेको स्रोतको दावी छ ।

## गाँजा बरामद

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको अनुसन्धान समुह (रिट) र लागू औषध नियन्त्रण ब्युरो विराटनगरबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले ठुलो परिमाणको बेबारीसे गाँजा बरामद छ ।

विहीवार बिहान विराटनगर महानगरपालिका-११ बुद्द विहार मार्गमा बेबारीसे अवस्थामा रहेको बीर ११ पीसी ५०१६ नम्बरको गडीलाई शंकालागी चेकजाँच गर्दा गाडी भित्र रहेको ५ वटा झोलामा १ सय ४५ किलोग्राम गाँजा बरामद गरेको थियो ।

बरामद गाँजा र गाडीको सम्बन्धमा जिल्ला प्रहरी कार्यालय मोरङबाट थप अनुसन्धान भईरहेको छ ।








## सुर्तीजन्य पदार्थका तत्कालिन असर ।

सुर्तीजन्य पदार्थको सेवनले :
- झुम्म पार्ने, - मस्तिष्क सुस्त हुने,
- रक्तनलीमा बोसोजन्य पदार्थ (कोलेस्टेरोल) को मात्रा बढ्ने,
- आँखा, घाँटी र मुखमा अप्ठ्यारो महसुश हुने,
- हात काम्ने, - पेटमा अम्लको मात्रा बढ्ने,
- छालाका तापक्रम घट्ने, - मुटुको धड्कन बढ्ने,

जस्ता तत्कालिन असरहरु देखिन सक्ने भएकोले सुर्तीजन्य पदार्थको सेवन नगरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कोशी प्रदेशमा भागवण्डा

संघिय सरकारमा भएको सत्ता परिवर्तसँगै कोशी प्रदेशमा पनि सोही अनुरुपको सत्ता गठवन्धन गरी भागवण्डा मिलाएर कार्यान्वयनको चरणमा पुगेको छ। नेकपा (एमाले) ले माओवादी केन्द्रसंगको सत्ता गठवन्धन तोडेर नेपाली कांग्रेससंग असार १७ गते सात बुद्धे सम्झौता गरी संघिय सरकारमा नेकपा (एकाले)का अध्यक्ष केपी शर्मा ओली प्रधान मन्त्री बनेपछि सोही अनुसार सातवटै प्रदेशमा सत्ता परिवर्तन हुन लागेको छ। संघिय सरकारको गठवन्धन अनुसार कोशी प्रदेशमा नेकपा माओवादी केन्द्र सरकारमा रहेको मन्त्रीले शुक्रवार राजीनामा दिएपछि शनिवार नेपाली कांग्रेस र एमाले बीच सरकार आलोपालो चालाउने र हाल सरकारमा चार-चारवटा मन्त्री लिनेगरी शनिवार सहमति भएको छ।

नेकपा माओवादी केन्द्र सिटको आधारमा तेस्रो दल रहको छ। तस्रो दलका अध्यक्ष पुष्प कमल दहालले आफ्नो सिट संख्यालाई म्याजिक नम्बर भदै कहिले कांग्रससंग मिल्ने कहिले एमालेसंग मिलेर सत्तामा टाँसी रहको थियो। त्यसलाइ चनौति दिदै पहिलो दल नेपाली कांग्रेस र दोस्रो दल नेकपा (एमाले) बीच सत्ता गठवन्धन भएपछि तेस्रो दल नेकपा माओवादी केन्द्र सत्तावाट वाहिरिएर प्रतिपक्षी बनेको छ। सिटको हिसावले पहिलो र दोस्रो दल जनतको लागि मिल्नु पर्नेमा त्यो नभई ती दुई दलपनि भागवण्डामा लागि परेको छ। दुई ठूला दलहरु मिलेर संत्ता संचालन गर्नु राम्रो कुरा हो। तर ती दुवै दल सामन्ती हुनु भएन। दुवै दल मिलेर राजनीतिक दल प्रति जनताले लगाएको आरोपहरु चिर्न सक्नुपर्छ। राजनीतिक दलका नेता व्यवसायी नभई समाज सेवी हो भन्ने गरी दुवै दल काम गर्नु पर्छ। यी दवै दलका सरकारमा जाने नेताहरु नैतिक रुपमा सुधारभई जनताको लागि काम गर्नु आवश्य छ।

# नयाँ समीकरणका कारक तत्त्वहरू

**ईश्वरचन्द्र ज्ञवाली**

भर्खर मात्र प्रचण्डको सरकार ढलेर नयाँ सरकार गठन भएको छ। नयाँ सरकार गठन संविधानको धारा ७६(२) अनुसार हुने कि (३) अनुसार हुने भन्ने विवादका बिच राष्ट्रपति रामचन्द्र पौडेलले धारा ७६ (२) अनुसार नै एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री नियुक्त गरेर शपथ दिलाइसकेका छन्।

यहीबिचमा संविधानविज्ञले आ-आफ्नो स्वार्थ अनुकूल व्याख्या गरेर ७६(२)अनुसार नै नयाँ प्रधानमन्त्री नियुक्त गर्दा संवैधानिक अराजकता सिर्जना हुने कुरा राख्दै आएका छन् र हुँदै पनि त्यस्तै छ। किनकि यो नयाँ समीकरण नियमानुसार हैन ग्र्याण्ड डिजाइन अनुसार भएको हो भन्ने धेरैले अनुमान गरेका छन्।

तर, रातारात र एकाएक भएको नेपाली कांग्रेस र नेकपा एमालेबिचको नयाँ समीकरणका पछाडि अवश्य पनि बाह्य ठुला शक्तिको हात हुनुपर्छ, भनिएको छ। रास्वपा सभापति रवि लामिछानेले त केही अत्यन्त शक्तिशाली ठुला नेताको घरमा भ्रष्टाचारको सुई तेर्सिएको तथा बेचन झा र प्रतीक थापाहरूको गिरफ्तारी एवम् उनले दिएका बयानका तथ्य र प्रमाणहरूले 'बडे नेता'हरुको गिरफ्तारी अनिवार्य हुने भयले रातारात सत्ता समीकरण फेरबदल गरी सरकार ढाल्ने काम भएको कुरा सदनमा राखे।

यति मात्रै कारक होइनन् भन्ने सबैले बुझेका छन्। यहाँ बाह्य शक्तिको पनि उत्तिकै गहन हात भएको पनि बुझ्नै पर्छ। तथ्यमा आधारित नयाँ समीकरणका केही कारकहरूबारे तल चर्चा गरिन्छ।

नेपालमा सबभन्दा बढी हलहलाउँदो र कलकलाउँदो हरियो खेती नै भ्रष्टाचार हो। यसले देशलाई कीराले झैँ खाइरहेको छ। देशमाथि नउठ्नुमा भ्रष्टाचार मुख्य कारक तत्त्व हो। भ्रष्टाचार सर्वव्यापी, सर्वशक्तिमान्, शाश्वत,

सर्वगुण क्रेता, सर्वोच्च शक्तिका रूपमा स्थापित छ। जसले हुनेलाई नहुने र नहुनेलाई हुने गराइदिन्छ। हत्यारालाई मुक्ति र निर्दोषलाई शूलीमा चढाउने फैसला पनि गरिदिन्छ। भ्रष्टाचारले गरिब, कमजोर, पहुँच नभएका, अकिञ्चन जनतालाई सिङ्गै जिउँदै निल्छ। त्यसैले त जनतालाई सरकारी कार्यालय मा पस्नु पर्दा ज्वरो आउँछ। कर्मचारी देखेर जनता आत्तिन्छन्, हतासिन्छन्, निसास्सिन्छन्।

नेपालमा सबभन्दा बढी हलहलाउँदो र कलकलाउँदो हरियो खेती नै भ्रष्टाचार हो। यसले देशलाई कीराले झैँ खाइरहेको छ। देशमाथि नउठ्नुमा भ्रष्टाचार मुख्य कारक तत्त्व हो। भ्रष्टाचार सर्वव्यापी, सर्वशक्तिमान्, शाश्वत, सर्वगुण क्रेता, सर्वोच्च शक्तिका रूपमा स्थापित छ

परम्परागत रूपमा त भ्रष्टाचार पाप हो। भ्रष्टाचारी अधर्मी, पापिष्ठ हुन्। भ्रष्टाचारीहरू अपराधकर्मी पनि हुन्। मरेपछि ती सोझै नरकमा पर्छन्। अर्को कोणमा भ्रष्टाचार अपराध हो र भ्रष्टाचारी अपराधी हुन्। यो अमानवता पनि हो। यो अनैतिकता र घृणित कार्य हो। यो देशद्रोह हो, राष्ट्रघात हो, देश र जनता विरोधी काम हो। भ्रष्टाचारीहरू राक्षस पनि हुन्। ती हिंस्रक पनि हुन्। कारण ती सधैँ सत्यका विरोधी हुन्छन्, धर्मका विरोधी हुन्छन्। न्यायका विरोधी हुन्छन्। निष्पक्षताका विरोधी हुन्छन्। त्यसैले भेदभाव गर्छन्, पक्षपात गर्छन्। दु:ख दिन्छन्, सताउँछन्। सत्यको बाटोमा हिँडे भ्रष्टाचार गर्न सकिँदैन। भ्रष्टाचार सम्पत्तिको अतृप्त प्यास हो। भ्रष्टाचारीहरू दिशा-पिसाबमा डुबेको पैसा पनि सित्तैमा पाइन्छ भने मुखले टिप्न तयार हुन्छन्। तिनमा मर्यादा, इमान, निष्ठा, इज्जत, मान, प्रतिष्ठा, मूल्य, मान्यता, विवेक, न्याय, स्नेह, ममता, संवेदनाप्रति कुनै रुचि वा सरोकार हुँदैन। ती बर्बर, जर्जर, क्रूर पनि हुन्छन्। तिनीहरू सबभन्दा बढी गरिब, कमजोर, अशक्त, अकिञ्चनहरुको रगत पिउन रुचाउँछन्। त्यसैले ती रक्तपिपाषु पनि हुन्। सिधासादा, सज्जन, इमानदार, छलकपट र धूर्तता नजान्नेहरूको रगत तिनलाई सबभन्दा स्वादिलो लाग्छ। तसर्थ भ्रष्टाचारीलाई पृथ्वीनारायण शाहले देशका ठुला शत्रु करार गरेका छन्।

मैले यहाँ भ्रष्टाचारीको महिमा वर्णन यस कारण गरेको हो कि जब-जब देशमा भ्रष्टाचार विरुद्ध, सुशासनका पक्षमा केही गर्ने जमर्को वा साहस गरिन्छ तब तब सरकार ढाल्ने गरिन्छ। जब नक्कली शरणार्थी काण्ड, बालुवाटार जग्गा काण्ड, सुन तस्करी काण्ड, गिरीबन्धु टी स्टेट काण्ड, बाँसबारी जग्गा निजीकरण काण्डका अभियुक्तहरूमाथि कारबाही हुन्छ, हडपेका सार्वजनिक जग्गा फिर्ता गरिन्छ, तब सरकारमा हलचल सुरु हुन्छ र गिराइन्छ। मालपोत, यातायात, भन्सार, अदालत, भूमिसुधार, अख्तियार आदि भ्रष्टाचारका अखाडामाथि प्रहारका पहल भयो कि सरकार ढलिहाल्छ। सुशासन र समृद्धिका कुरा भए कि सरकार ढल्यो भन्ने जाने हुन्छ। यसरी नै देश बरबादी र दुर्दशामा पुगेको हो। 'पग्लेको अलकत्रामा फसेको गाई' झैँ फस्दै गइरहेको छ देश, निरन्तर भ्रष्टाचारको दलदलमा। विडम्बना, सुशासनका कुरा गर्दैमा नै 'सतीले सरापेको' यो देशमा सरकार ढालिन्छ। अहिले पनि त्यसै भयो किन ? अब फेरि भ्रष्टाचार हलहलाउने त हैन चिन्ता बढेको छ।

यो देश दशकौँदेखि छ-छ महिने सरकारको परम्परामा चल्दै आएको छ। यसले देश सधैँ अस्थिरता, अराजकता, अन्योल र त्रिशङ्कु नियतिमा गुज्रिन बाध्य भयो। यसैलाई ध्यान दिएर संविधानले एक पटक विश्वासको मत लिएपछि दुई वर्षसम्म अविश्वास गर्न नपाइने प्रावधान बनायो। तर अस्थिरता, अराजकताका पक्षधर, अनुशासन एवम् सुशासनका विरोधीहरूले त्यसलाई धोती लाइदिए। संविधानको त्यो महत्त्वपूर्ण धारालाई कोमामा पुऱ्याएर चार महिनामा पाँच पटक विश्वासको मत लिने खेल चालु भयो। मुखले स्थिरताका भाषण गरेर व्यवहारले अस्थिरता अवलम्बन गर्ने चाल चलियो। त्यसैले नै 'सतीको श्राप परेको देश' भनिएको हो। यहाँ राम्रो गर्नेको कहिल्यै भलो हुन सकेन, देशका लागि त्याग, बलिदान, उत्सर्ग-सेवा गर्नेको सधैँ अपमान भयो, सम्मान भएन, आज त चौध हजार सहिदमाथि हिलो छ्यापिँदैछ। यहाँ भलो गर्नेको पनि कहिल्यै भलो भएन। देशभक्तहरूको पनि कहिल्यै भलो भएन। यस्तो थियो सतीको श्राप- 'यो मुलुकमा देशको भलो गर्नेको कहिल्यै भलो नहोस्'। नेपालमा ठिक यस्तै हुँदै आएको छ। भन्दा स्थिरताका कुरा गरे पनि दुई ठुला दलको यो समीकरण अस्थिरता, अराजकता, अनुशासनहीनता र अशान्तिको नै कारक बन्नेछ। फेरि सडकमा टायर बाल्ने, हडताल, जुलुस, विरोध, सङ्घर्ष गर्नुपर्ने स्थिति सिर्जना गरिनेछ। किनभने अबको सरकार भ्रष्टाचारी, कमिशनखोर, तस्कर, घुस्याहा, कालाबजारिया, ठग, बेइमान, नोकरशाह, दलाल पुँजीपति, भ्रष्ट, स्खलित, पतित, अनियमिततामा डुबेको कर्मचारीतन्त्र आदिबाट परिचालित हुनेछ। सबैभन्दा बढी यिनै तत्त्व मौलाउनेछन्। भ्रष्टाचारले काँडेझाङले झैँ फैलिएर देश ढाक्नेछ। भनिएको छ, 'आरजु भाउजू र ओलीजी तिर भ्रष्टाचारको तीर सोझिएपछि एकाएक र रातारात समीकरण फेरियो तसर्थ यो समीकरणले स्थिरता दिनै सक्दैन।'

यतिखेर गणतन्त्र, सङ्घीयता, समानुपातिक समावेशिता, धर्मनिरपेक्षता, जातीय उन्नयन, दलित-जनजाति-महिलाको नीतिगत तहमा समावेशीकरणका विरोधी शक्तिको जगजगी छ। र यो समीकरण पनि तिनकै संरक्षक, सहयोगी, शुभेच्छुकहरूको नै समीकरण हो।

यतिखेर गणतन्त्र, सङ्घीयता,

वांकी ५ पेजमा...

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# कोशी प्रदेश सरकारको शिक्षामा लगानी प्रभावकारी दलित समुदायका बालबालिकामा परिवर्तन

उषा सरदार

नेपालको संविधानले आधार भुतहको शिक्षा अनिवार्य र माध्यमिक तहको शिक्षा सबैलाई निःशुल्क पढन पाउने सुनिश्चित गरेको छ। सोही अनुसार कोशी प्रदेश सरकारले शिक्षाको क्षेत्रमा निकै नै सराहनीय काम गरेको पाएको छ। नेपाल एउटा बहुजातिय बहुभाषिक बहुसांस्कृतिक बहुधार्मिक र प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो। यसलाई नै आधार मानेर प्रदेश सरकारले सवै वर्गका बालबालिका हरुको गुणस्तरीय शिक्षाका लागि विभिन्न योजना र गोष्ठी गरेर अहिले कोशी प्रदेशको धैरै जसो सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु, विद्यालयहरुमा लगानी, दलित बालबालिकाहरुका लागि लक्षित गरेर शिक्षामा पहुँच कार्यक्रम, खेलकुद लगायतका कार्यक्रमलाई निरन्तरता दिएको छ।

जस मध्ये कोशी प्रदेश सरकारले शिक्षा सम्बन्धी सञ्चालन गरेका मुख्य मुख्य कार्यक्रमहरू निम्मन छन्। विद्यालयमा स्काउट विकास कार्यक्रम सञ्चालनका लागि कोशी प्रदेशका ८३ माध्यमिक विद्यालयहरूमा अनुदान उपलब्ध गराइएको छ,। भने १०० जना स्काउट शिक्षकहरूका लागि चत्र्म( एत्र्म तालिम सञ्चालन गरी विद्यालयका विद्यार्थीसम्म स्काउट विकास कार्यक्रमको पहुँच वृद्धि गरिएको छ। कोशी प्रदेशका १२ जिल्लाका १३ वटा माध्यमिक विद्यालयहरूलाई स्थानीय तहसँगको साझेदारीमा नमूना विद्यालयका रूपमा विकास गर्न सम्बन्धित स्थानीय तह मार्फत अनुदान उपलब्ध गराइएको छ। कोशी प्रदेशका आधारभूत विद्यालयहरू लाई स्थानीय तहसँगको समेत साझेदारीमा नमूनाको रूपमा बालमैत्री विद्यालयको रूपमा विकास गर्न ६२ वटा विद्यालयलाई विकास गर्दै लगिएको छ। विद्यालयमा आधुनिक प्रविधिको पहुँच वृद्धि गर्दै शिक्षण सिकाई क्रियाकलाप प्रविधिमैत्री बनाउँदै लैजाने कार्यक्रम अन्तर्गत प्रदेशका विभिन्न आधारभूत र माध्यमिक विद्यालयहरूलाई अनुदान उपलब्ध गराइएको छ। विद्यालयमा स्वच्छ पिउनेपानी प्रवन्ध मार्फत विद्यार्थीलाई शुद्ध पिउने पानी सुनिश्चितता गर्दै लगिएको छ। विज्ञान शिक्षक नभएका हिमाली तथा पहाडी जिल्लाका २८ माध्यमिक विद्यालयहरूलाई स्वयंसेवक शिक्षक अनुदान उपलब्ध गराउँदै आएको छ।

संघ, प्रदेश र स्थानीय तहसँगको साझेदारीमा ठुला विद्यालय विकास अन्तर्गत साजीलाल माध्यामिक विद्यालय सुन्दररैचा, मोरङ, जगनन्नाथ डेडराज मावि बराहक्षेत्र र जनसहयोग मावि इटहरी, सुनसरीलाई विकास गर्दै लगिएको छ। विज्ञान प्रयोगशाला ब्यवस्थापनका लागि माध्यमिक विद्यालयहरूलाई अनुदान उपलब्ध गराइएको छ। उत्कृष्ट ब्यवस्थापन भएका सफल सामुदायिक माध्यमिक विद्यालय र आधारभूत विद्यालयहरूलाई, प्रत्येक जिल्लाबाट १/१ उत्कृष्ट विद्यालय छनौट गरी प्रोत्साहन गरिएको छ। प्रस्तावका आधारमा धार्मिक प्रकृतिका विद्यालयहरूलाई संस्थागत सुधार तथा सञ्चालनमा सहजताका लागि अनुदान उपलब्ध गराउँदै आएको छ। प्रदेशका विभिन्न सामुदायिक विद्यालयहरूमा भौतिक सुविधा विस्तार कार्यक्रम अन्तर्गत सामान्य मर्मत, शौचालय निर्माण, मर्मत, फर्निचर निर्माण, मर्मत, घेरावारा निर्माण, मर्मत र रंगरोगन जस्ता कार्यक्रमहरू स्थानीय तहसँगको प्राविधिक सहयोगमा सञ्चालन गर्दै आएको छ। प्रदेशमा सञ्चालित प्राविधिक शिक्षालयहरू, प्राविधिक धारका सामुदायिक विद्यालयहरूलाई संस्थागत सुधारका लागि आर्थिक तथा प्राविधिक सहयोग एवं जनशक्तिको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। अपाङ्गताका क्षेत्रका विद्यालय र कार्यक्रमहरूलाई संस्थागत एवं क्षमता विकासका कार्यक्रम सञ्चालन भएका छन्। विद्यालयीय खेलकूद प्रतियोगिता, प्रदेश स्तरीय खेलकूद प्रतियोगिता, राष्ट्रिय खेलकूद प्रतियोगिता जस्ता खेलकूद कार्यक्रम सञ्चालन एवं खेलाडी प्रोत्साहन तथा सम्मानका कार्यहरू गर्दै आएको छ। खेल पूर्वाधारका क्षेत्रमा स्थानीय तहको प्राविधिक सहयोगमा कार्य गर्दै आएको सामाजिक विकास मन्त्रालय कोशी प्रदेशका शिक्षा शाखा अधिकृत यादवप्रसाद दुलालले जानकारी दिनुभयो। प्रदेश सरकारले उच्च शिक्षाका लागि पनि आर्थिक वर्ष २०७९/०८० मा २० लाख रुपैयाँ बजेट विनयोजन गरेको थियो। जसमध्ये उच्च शिक्षा अध्ययन गर्नका लागि ९० प्रतिशत विद्यार्थीहरुले लाभ लिएका थिए। भने आर्थिक वर्ष २०८०/०८१ मा उच्च शिक्षाका लागि बजेट विनियोजन भएपनि मन्त्रीपरिषद्बाट बजेट स्वीकृत नभएका कारण कार्यक्रम स्थगित भएको थियो। प्रदेश सरकारले यो आर्थिक वर्ष २०८१/०८२ का लागि उच्च शिक्षा अध्ययन कार्यक्रम प्रस्ताव गरेको कोशी प्रदेशका उच्च शिक्षा शाखाका शाखा अधिकृत बलराम पराजुलीले जानकारी दिनुभयो।

यता प्रदेश सरकारले दलित समुदायलाई लक्षित गरेर पढि लगानी गरेको पाएको छ। शिक्षको क्षेत्रमा देशमा संघियता आएदेखि तर यस देशमा जातीय विभेदको लहर उत्तीनै चर्चा र परिचर्चाको विषय बनेको छ। सोही बेला दलित भनिने जातिहरु नेपालको हिन्दू वर्णाश्रम जाति व्यवस्था, वि.स.१९१० को मुलुकी ऐनबाट पानी नचल्ने र छोइछिटो हाल्नु पर्ने जाति भनी कहलिएको छ। फलस्वरुप समाजमा अछुत मानिएका र समाजिक, आर्थिक, राजनैतिक, शैक्षिक तथा धार्मिक रुपमा राज्यको मूलप्रवाहबाट पछाडि पारिएका जात(जातिको समुदायलाई दलित वर्ग भनी परिभाषित गरिएको छ। यही परिभाषा अनुसार दलित वर्गमा सूचीकृत जात(जातिहरु पहाडी, मूलमा, गन्धर्व, गाईने, परियार, दमाई, दर्जी, सूचिकार, नगर्ची,ढोली, हुड्के), बादी, विश्वकर्मा, कामी, लोहार, सुनार, चुनँरा, पार्की, टमटा,) सार्की ( मिजार, चर्मकार, भूल) रहेका छन्। मधेश मूलमा, कलर, ककैहिया, कोरी, खटिक, खत्वे, मण्डल, खङ्ग, चमार, राम, मेची, हरिजन, रविदास, चिडिमार, डोम, (मरिक), ततमा (ताँती, दास), दुसाध (पासवान, हजार) धोवी ( रजक), पत्थरकट्टा, पासी, बाँतर, मुसहर, मेस्तर (हलखोर) ( सरबरिया) समुदायका वर्गहरु नेपालको धेरै जसो भूभागमा सदिऔंदेखी बसोवास गर्दै आईरहेको सवै नेपालीहरुमा सर्वविदितै छ। तर उनीहरुको सूचना शिक्षा, राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा पहुच नभएका कारण अहिले कोशी प्रदेश सरकारले दलित समुदायका बालबालिकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याने उदेश्यले सचेतना कार्यक्रम, छात्रवृति, खाजाको व्यवस्था, स्कुल पोसाक वितरणलगायतको कार्यक्रम सञ्चालन गरेको छ।

कोशी प्रदेश सरकारको सहयोगले अहिले फड्को मारेको विद्यालय मोरङको ग्रामथान गाउँपालिका(२ झोराहाटको रबि आधारभूत विद्यालयलाई लिन सकिन्छ। रबि आधारभूत विद्यालयमा सत प्रतिशत दलित बालबालिकाको बाहुल्यता रहेको छ। उक्त बिद्यालयमा ९९ प्रतिशत बाँतर सुदायिका बालबालिका रहेको विद्यालय का प्रधानाध्यापक जितेन्द्र सरदारले जानकारी दिनुभयो। नेपाली अंग्रेजसंगै नबुझेको खण्डमा दलित बाल बालिकाहरुले बोल्लने भाषामा बुझाउँदा विद्यार्थीहरु राम्रोसंग बुझने र दोहोरो सम्बाद गर्ने गरेको उहाँले बताउनुभयो।

उहाँले कक्षा एक सम्मका बालबालिकाहरुलाई दोस्रो भाषा नेपाली बुझन र पढन गाह्रो हुने गरेकोले दलित बालबालिका हरुलाई उनीहरुकै मातृ भाषामा बुझाउँदा सजिलै बुझने गरेको अनुभव उहाँले सुनाउनुभयो। यसका लागि प्रदेश सरकार र स्थानीय सरकारले सहयोग गरेको प्रधानाधयापक सरदारले बताउनुभयो। कोशी प्रदेशको डाटा अध्ययन गर्ने हो, भने अधिकांश बिद्यालय भर्ना अभियानमा शतप्रतिशत बालबालिका भर्ना भएको पाईन्छ। तर दलित बाल बालिकाहरु विद्यालयमा भर्नाभए पनि आर्थिक अभाव र अभिभावकमा सचेतनाको कमीले केहि महिना नहुँदै ६० प्रतिशत बालबालिकाहरु पढाई छोड्ने गरेको थियो। अहिले प्रदेश सरकारले शिक्षामा पहुँच पुऱ्याने खालका सचेतना कार्यक्रम, छात्रवृति कार्यक्रम, खाजाको व्यवस्था, स्कुल पोसाक वितरण लगायतको कार्यक्रम सञ्चालन गरेदेखि विद्यालयहरु मा भर्नाभएका ८० प्रतिशत विद्यार्थी नियमित स्कुल पढन थालेको कोशी प्रदेशको तथ्याङ्कमा उल्लेख छ। यसलाई शिक्षाको क्षेत्रमा दलित बालबालिकाहरुका लागि उपल्बधी भएको मान सिकिन्छ। केहि समय अगाडी जसोतसो गरेर एस ई ई सम्म पढेपनि उच्च शिक्षाको लागि भने कमैलेअध्ययन गरेको पाईन्थ्यो।

अभिभावकमा बालबालिका लाई पढाउनु पर्छ, भन्ने जनचेतना नभएकोले बाल बालिका शिक्षाको उज्यालो किरणबाट बञ्चित हुनुपरेको दलित अगुवा रामकुमार विश्वकर्माले बताउनुभयो। दलित बालबालिकाका अभि भावकलाई सरकारले सचेतना मुलक कार्यक्रममा सहभागी गराईपछि अहिले उनीहरुमा शिक्षाप्रति उत्प्रेरणा जागेको छ। दलित समुदायका मानिसहरु दैनिक ज्यालामजदुरी गरेर गुजारा गर्ने भएकोले बालबालिका प्रती त्यती संबेदनसिल नभएकोले बाल बालिकालाई पढन नपठाई घर र सानो बच्चा रुङन लगाउने गरेको थियो। अहिले प्रदेश सरकारले दलित बालबालिकाहरु का लागि शिक्षामा पहुँच पुऱ्याने खालका सचेतना कार्यक्रम, छात्रवृति कार्यक्रम, खाजाको व्यवस्था, स्कुल पोसाक वितरणलगायतको कार्यक्रमको प्रभावले मजदुरी गरेर पनि स्कुल पढन पठाउने गरेको दलित अगुवा विशवकर्माले बताउनु भयो। यता अर्का दलित अगुवा बलराम ऋषिदेवले दलित समुदायका बालबालिका १४, १५ वर्ष मै पढाइ छोडेर छात्राहरु मजदुरी गर्ने र छात्रहरुको बालविवाह गराउने प्रचलन अहिले रोकिएको छ। यो समुदायमा बालविवाह पनि प्रमुख समस्याको रुपमा रहेको छ। समाजमा कसैको छोरी चेली नराम्रो क्रियाकलाप गरेको छ, भने आफ्नो छोरी पनि त्यस्तै गरियो भने समाजमा बेईजती हुने डरले पनि बालविवाहले ठाउँ पाउने गरेको छ। पहाडे मुलका दलित बालबालिकाहरु मध्ये

वांकी ४ पेजमा...

## सोनार समाजद्धार ज्यान गुमाएका प्रति श्रद्धाञ्ली सभा



विराटनगर। पहिरोमा परी त्रिशुली नदीमा खसेर दुईवटा बस वेपत्ता भई ज्यान गुमाउनेहरू प्रति नेपाल सोनार समाज फाउन्डेसनले मंगलवार विराटनगरमा श्रद्धाञ्जली सभा गरेका छन।

समाजले विराटनगरको पंचमुखी हनुमान मन्दिर अगाडि बी पल्टमा समाजका अगुवाहरूका साथ मृतक प्रति हार्दिक श्रद्धाञ्जली अर्पन गर्दै वेपत्ताहरूको अविलम्ब खोजी गरि परिवारलाई जिम्मा लगाउन समाजको अध्यक्ष महेश कुमार स्वर्णकारले माग गरेका छन।

श्रद्धाञ्जली सभामा बृहत् मधेशी नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि, पत्रकार लगायतको उपस्थिति रहेको थियो।

अषाढ २८ गते बिहान ३ बजेको समयमा भरतपुर महानगरपालिका वडा नं. २९ सिमलताल भन्ने ठाउँमा अविरल वर्षाका कारण ठूलो पहिरो झरी बिरगंजबाट काठमाडौं जाँदै गरेको विङर गाडी र काठमाडौंबाट गौरतर्फ आउँदै गरेको गणपति डिलक्स बस त्रिशूली नदीमा खसेका थियो।

बीरगन्जबाट आएको गाडीमा २४ जना र गणपति डिलक्समा ४१ जना यात्रु गरी ६५ जना सवार रहेको थियो

त्यसैगरी सौर्य एयरलाइन्सको विमान दुर्घटनामा ज्यान गुमाएका व्यक्तिको शव परिवारजनले बुझ्न थालेका छन्।

कम्पनीले बिमा र क्षतिपूर्ति रकम दिलाउन सक्दो सहयोग गर्ने आश्वासन दिएपछि परिवारजनले शव बुझ्न थालेका हुन्। ६ वटा शव परिवारले बुझिसकेको प्रहरीले जनाएको छ।

गएको बुधवार विस्तृत परीक्षण र मर्मत ९सी–चेक० गर्न काठमाण्डौबाट पोखराका लागि उडेको सौर्य एयरलाइन्सको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा दुर्घटनामा परेको थियोरु दुर्घटनामा सौर्यकै प्राविधिक, कर्मचारीसमेत गरेर १८ जनाको ज्यान गएको थियो।

विमान दुर्घटना हुँदा क्याप्टेन मनीषरत्न शाक्यलाई भने जीवितै उद्धार गरिएको थियोरु शाक्यको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छरु

## बंगलादेशबाट फर्किए करीब १२ सय भन्दा वढी विद्यार्थी



बङ्गलादेशमा सरकारी आरक्षण कोटाको विरोधमा भएको आन्दोलन हिंसात्मक हुन थालेपछि नेपाली विद्यार्थी धमाधम स्वदेश फर्कन थालेका छन्।

अहिलेसम्म १२ सयभन्दा धेरै नेपाली स्वदेश आइपुगेको परराष्ट्र मन्त्रालयले जनाएको छ। मन्त्रालयकाअनुसार अस्ति शनिवारसम्म आठ सय र हिजो ४ सय २० गरी अहिलेसम्म १२ सय २० जना नेपाली विद्यार्थी स्वदेश फर्किएका छन् ।हिजो मात्र हवाईमार्गबाट एक सय १५ र तीन सय पाँच जना काँकडभिट्टा नाका हुँदै स्वदेश फर्किएका मन्त्रालयले जनाएको छ।

उत्तरी बङ्गलादेशको विभिन्न मेडिकल कलेजमा पढ्ने नेपाली विद्यार्थीहरु नजिकको दूरी भएकाले काँकडभिट्टाबाट स्वदेश फर्किरहेका हुन्। थप एक हजार सातसय विद्यार्थी दूतावासको सम्पर्कमा रहेका र अरु केही विद्यार्थी सम्पर्कमा आइरहेका परराष्ट्र मन्त्रालयले जनाएको छ।

मन्त्रालयकाअनुसार बङ्गलादेशमा झण्डै तीन हजार नेपाली विद्यार्थी अध्ययनरत छन्। परराष्ट्र मन्त्रालयले स्वदेश फर्कन चाहने विद्यार्थीको सहजीकरण गरिरहेको छ। मन्त्रालयले बङ्गलादेशको राजधानी ढाकामा रहेको नेपाली दूतावासलाई नेपाली विद्यार्थीको सुरक्षित वातावरण तथा नेपाल फर्कन चाहनेका लागि आवश्यक समन्वय गर्न निर्देशन दिएको छ।

मन्त्रालयले समस्यामा परेका विद्यार्थी तथा अभिभावक एवम् आफन्तका लागि आवश्यक जानकारी, सहयोग र सहजीकरणका लागि इमेल वा फोन नम्बरमा सम्पर्क गर्न एवम् अनलाइन फाराम भर्न अनुरोध गरेको छ।

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# पानीजन्य रोगहरू र जोगिने उपाय

वर्षायाम सुरु भएको छ। पानी परिरहने, पानी जम्मा हुने र पानी दूषित हुने भएकाले यस्तो बेला विभिन्न सरुवा रोगको जोखिम हुन्छ।

वर्षातको समयसँगै धेरै ठाउँहरुमा डुबान, बाढी तथा पहिरोले गर्दा पानीको स्रोतहरु दुषित हुन्छन्। दुषित पानीका कारण हैजा, झाडापखाल, टाइफाइड, हेपाटाइटिस 'ए', हेपाटाइटिस 'ई' लगायतका सरुवा रोगको संक्रमण बढ्न सक्छ। त्यसैगरी आँखा पाक्ने समस्या, छाला सम्बन्धी विभिन्न समस्या र किटजन्य रोग लाग्छन्। जुन मुख्यगरी निम्नानुसार छन् :

**दूषित पानीका कारण लाग्न रोगहरु :**

(क) दूषित पानी खाएर हुने रोगहरू। जस्तैः हैजा, झाडा पखाला, आउँ, जुका, कमलपित्त, टाइफाइड।

(ख) नुहाउन, धुनको लागि फोहर पानी प्रयोग गर्दा लाग्ने रोगहरू। जस्तैः लुतो, दाद, घाउ खटिरा जस्ता छाला सम्बन्धी रोगहरू र ट्रकोमा।

(ग) खेर गएको पानी, फोहर पानीको उचित विसर्जन नगर्दा त्यस्तो पानीमा लामखुट्टे, भुसुनाहरू हुर्कन्छन् र तिनीहरूले रोगहरू सार्छन्। जस्तैः औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाइटिस।

१ आँखा पाक्ने तथा ट्रकोमा

खस्रे रोग एक प्रकारको आँखा पाक्ने रोग हो। यस रोगलाई ट्रकोमा भनिन्छ।

यो रोग किटाणुहरूको कारणले लाग्छ र यो रोगका किटाणुहरू फोहरमा हुन्छन्।

यो रोग प्रायः गरेर स-साना बालबालिकालाई लाग्छ र यस रोगले अन्धो पनि बनाउन सक्छ।

यो रोग लाग्नुको मुख्य कारण : हात मुख धुन पर्याप्त पानी नभएर वा हात मुख धुने पानी सफा नभएर वा हात मुख धुने बानी नभएर लाग्छ,

यो रोगका किटाणुहरू रोगीको आँखाबाट निस्कने चिप्रामा प्रशस्त हुन्छन्।

रोगीको आँखाबाट निस्कने चिप्राबाट यो रोग सर्छ र मुख्य माध्यम भनेको झिङ्गा नै हो।

यो रोग हातबाट सर्न सक्छ र कपडाको माध्यमबाट पनि सर्न सक्छ।

एकै ठाउँका धेरै मानिसहरू लाई छोटो समयमा यो रोग लाग्न सक्छ र केही दिनमा नै महामारीको रूप लिनसक्छ।

**लक्षणहरू**

खस्रे रोग लाग्यो भने यी लक्षणहरू देखा पर्छन् :

- आँखा दुख्छ, बिझाउँछ।
- आँखा रातो हुन्छ, चिलाउँछ।
- आँखाको डिल सुनिन्छ।
- आँखाबाट चिप्रा आइरहन्छ।

यो रोग धेरै पटक भयोभने आँखाको परेला भित्र फर्किन्छ।

भित्र फर्केको परेलाले आँखाको नानीलाई बारम्बार घोच्छ र नानी बिग्रिएर अन्धो गराउँछ।

**रोकथाम र बचावट**

सधै चर्पीमा नै दिशा पिसाब गर्ने बानी बसाल्ने र चर्पी पनि सफा राख्ने

- गाईवस्तुको मल-मूत्र खाडलमा जम्मागरी राख्ने
- भान्साबाट निस्कने फोहर पानीलाई व्यवस्थित तरिकाले विसर्जन गर्ने
- घर वरिपरि पानी जम्ने खाडल छ भने पुरिदिने
- दिनको २-३ पटक आँखा-मुख धुने
- हात मुख धुँदा नाकको सिँगान पनि राम्ररी सफा गर्ने
- आँखाको चिप्रा र नाकको सिँगान जहाँ पायो त्यहाँ नपुछ्ने
- खस्रे रोग लागेको रोगीले प्रयोग गरेका कपडा साबुन पानीले धोएर घाममा सुकाउने
- खस्रेरोग लागेमा स्वास्थ्य संस्थामा गएर उपचार गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरै अवधिसम्म आँखामा औषधि लगाउने

**२. लुतो, दाद र खटिरा**

लुतो, दाद, घाउ खटिरा जस्ता छाला सम्बन्धी रोगहरू सरूवा रोग हुन्।

- छाला सम्बन्धी यी सबै रोगहरू किटाणुले हुन्छ।
- यी रोगका किटाणुहरू रोगीको शरीरमा रोगीले लगाएका कपडाहरूमा, फोहरमा, पानीमा हुन्छन्।
- फोहर पानीले नुहाएमा, हात मुख धोएमा कपडा धोएमा छाला सम्बन्धी रोगहरू सर्छन्।
- रोगीसँग बस्ने, सुत्ने, खेल्ने गर्दा पनि यी रोगहरू सर्छन्।
- रोगीले प्रयोग गरेका कपडा प्रयोग गरेमा पनि यी रोगहरू सर्छन्।
- छाला सम्बन्धी रोगहरूले मानिसलाई धेरै नै सताएको हुन्छ तर धेरैजसो कसैलाई भन्न चाँहदैनन्।

**रोकथाम तथा बचावट**

- व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने
- सफा पानीले मात्र नुहाउने
- हात मुख धुँदा, कपडा धुँदा सफा पानी प्रयोग गर्ने
- पानीको मुहान सुरक्षित राख्ने
- छालाको रोग लागेका व्यक्तिसँग सँगै नबस्ने, नसुत्ने, नखेल्ने
- छाला सम्बन्धी रोगीले प्रयोग गरेका कपडा साबुन वा खरानी पानीले धोएर घाममा सुकाएपछि मात्र प्रयोग गर्नु
- छाला सम्बन्धी रोग लागेका व्यक्तिले अस्पताल वा अन्य स्वास्थ्य संस्थामा गएर उपचार गराउने

**३. किटजन्य रोग**

डेंगु, औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरू लामखुट्टे, भुसुनाले सार्छन्

यी रोगहरूलाई किटजन्य रोगहरू भनिन्छ। यी रोगहरू किटाणुबाट नै लाग्छ।

रोगीलाई टोकेर आएका लामखुट्टे, भुसुनाले आफ्नो शरीरमा ती रोगका किटाणुहरू बोकेर ल्याएका हुन्छन् र ती लामखुट्टे, भुसुनाले अर्को मानिसलाई टोक्दा यो रोग सर्छ।

यी रोगहरू सार्ने लामखुट्टे भुसुना फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्छन्, हुर्कन्छन्

औलो, कालाजार, इन्सेफलाइटिस रोगबाट मानिसको मृत्यु हुन्छ भने हात्तीपाइले रोगले मानसिलाई दीर्घ रोगी बनाउँछ

**रोकथाम र बचावट**

औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरूबाट बच्नको लागि लामखुट्टे, भुसुनाको टोकाइबाट बच्नुपर्छ। यसको लागि।

- लामो बाहुला भएको कपडा लगाउने
- घर बाहिर नसुत्ने
- लमखुट्टे, भुसुना हुने समुदायमा कुल भित्र सुत्ने बानी बसाल्ने
- सम्भव भएसम्म घरको झ्याल, ढोकामा जाली लगाउने
- लामखुट्टे, भुसुनाहरू फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्ने, हुर्कने भएकोले गाउँ टोल, घर वरिपरि त्यस्तो ठाउँहरू हुन नदिने। यसको लागि :
- घर वरिपरि सधै सफा राख्ने, पानी जम्ने खाडलहरू भए त्यसलाई पुरिदिने
- झारपात, झाडी भएमा त्यसलाई हटाउने, फाँड्ने
- वस्तुभाउको गोठ घरभन्दा केही टाढा राख्ने र मल मूत्र खाडलमा जम्मा गरेर मल बनाउने
- सकेसम्म सुँगुर, बँगुर जस्ता फोहर गर्ने जीवजन्तु नपाल्ने, आर्थिकोपार्जनका लागि पाल्नुपर्ने भएमा घरभन्दा टाढा व्यवस्थित रूपमा पाल्ने,
- रोग लागेको शंका लागेमा नजिकैको अस्पताल वा अरू स्वास्थ्य संस्थामा गएर जाँच गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरा अवधिसम्म औषधि सेवन गर्ने।

# लागुऔषध सहित विभिन्न जिल्लावबाट ११ पक्राउ

बिराटनगर। मोरङ, धनकुटा, उदयपुरर झापाबाट लागुऔषध ओसार पसारमा संलग्न रहेका ११ जनालाई पक्राउ गरिएको छ।

मोरङको बिराटनगर-१५ स्थितमा लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरको प्रहरी टोलीले शुक्रवार चेकजाँचको क्रममा पैदल यात्री भारत बिहारका २५ बर्षिय गौरव जैनलाई १.७४ ग्राम ब्राउनसुगर सहित पक्राउ गरेको थियो। जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरी टोलीले धनकुटा नगरपालिका-६ स्थितबाट मोरङ्ग पथरी शनिश्चरेका २१ बर्षीय मिलन तामाङलाई स्प्रासरेस्ट र ट्रामानिल १०२ ट्याब्लेट, गाँजा १०० ग्राम सहित नियन्त्रणमा लिएको थियो।

त्यसै गरी उदयपुरको चौदण्डीगढी नगरपालिका-६ का २४ बर्षीय केवस तामाङ् र २३ बर्षीय सुस्मा राईलाई ट्रामानोल ६०० ट्याब्लेट, क्यालिवान ६०० ट्यावलेट सहित इलाका प्रहरी कार्यालय बेल्टारले पक्राउ गरेको थियो।

त्यसैगरी मोरङ र झापाको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित लागुऔषध ब्राउनसुगर सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ।

मंगलवार लागुऔषध नियन्त्रण ब्युरो विराटनगरबाट खटिएको प्रहरीको टोलीले विराटनगर-१६ स्थितमा चेकजाँचको क्रममा को. १९ प ८५९२ नम्बरको मोटरसाईकलमा सवार मोरङ सुन्दरहरैचा नगरपालिका-५ का २५ बर्षीय अभिषेक चौधरी र सुन्दरहरैचा-४ का ३० बर्षीय उज्वल सापकोटालाई ३ ग्राम २४ मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी झापाको अस्थायी प्रहरी पोष्ट नयाँबसपार्क बिर्तामोडको प्रहरी टोलीले सिन्धुलीका २८ बर्षीय धन बहादुर बस्नेतलाई ३ ग्राम ५०० मिलिग्राम ब्राउनसुगर सहित र मेचीनगर-६ धाईजनका ३० बर्षीय सोनु तामाङ र २८ बर्षीय शुरेश गुरुङलाई १ ग्राम ८७० मिलिग्राम ब्राउनसुगर सहित इलाका प्रहरी कार्यालय धुलावारी र लागुऔषध नियन्त्रण ब्युरो काकँडभिट्टाको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो।

इलाका प्रहरी कार्यालय कुमरखोद झापाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा प्र.१-०१-०१५ प ७८०८ नम्बरको स्कुटरमा सवार कमल गाँउपालिका-१ का २९ बर्षीय मौसम लिम्बु र ३६ बर्षीया सर्मिला राईलाई ५ ग्राम ५३० मिलिग्राम ब्राउनसुगर सहित नियन्त्रणमा लिएको थियो।

पक्राउ परेका सबै उपभर थप अनुसन्धान भईरहेको सम्वन्धित प्रहरी कार्यालयले जनाएका छ।




## कोशी प्रदेश...

मधेशी मुलका बालाबालिकाहरुको शिक्षाको अवस्था खस्किदो रहेको थियो। तर प्रदेश सरकारले दलित बालबालिबाहरुका लागि शिक्षामा पहुँच हुने खालका नीति ल्याएपछि अहिले मधेशी मुलका दलित बालबालिकालाई पढाउनुपर्छ, भन्ने चेतनाको विकास भएको छ। प्राय जसो उनीहरु कक्षा ८ सम्म पुग्दा ४० प्रतिशतले बिद्यालय छोड्ने गरेको थियो। भने एस ई ई सम्म पुग्दा ७० प्रतिशतले बिद्यालय छोड्ने गरेको जिल्ला शिक्षा समन्वय समिति मोरङको तथ्याङ्कमा उल्लेख छ।

त्यसपछिको उच्च शिक्षा सम्म ९० प्रतिशतले छोडेर १० प्रतिशतले मात्र उच्च शिक्षा पढ्ने गरेको थियो। अहिले ४० प्रतिशतले उच्च शिक्षा सम्म पढने गरेको जिल्ला शिक्षा समन्वय समिति मोरङको तथ्याङ्कमा उल्लेख छ। १९९० सालदेखि संरक्षणात्मक कानूनको बावजुद, सामूहिक रूपमा दलित भनेर चिनिने सीमान्तकृत जातिका मानिसहरूमाथि भेदभाव सक्रिय छ र नेपालको समाजमा गहिरो रूपमा गाँसिएको छ। दलित बाल बालिकाको लागि, विद्यालयमा उनीहरूको सफलताको सम्भावना कम थियो। तर उनीहरुका लागि अहिले प्रदेश सरकारले दलित बालबालिकामाथि समाजमा हुने पूर्वाग्रहलाई हठाउँदै शिक्षाको मुल ढोका खोलीदिएको छ। विद्यालयमा दलित बालबालिका माथि भेदभाव हुने कार्यको अन्त्य भएको छ। सीमान्तकृत समुदायमाथि हुने अन्यायलाई उजागर गर्ने चर्चा र बहसबाट बालबालिकाहरु सचेत हुन थालेका छन्। विद्यालयमा दलित बालबालिकाविरुद्धको गुनासो ठीक नभएको हो। त्यसपछि, २०२२ मा छुवाछुत जस्ता मुद्दाहरू हाम्रो समाजमा किन बाधक छन्, भेदभाव किन जारी छ र यसका लागि हामीले के गर्न सक्छौं भन्ने कुराको महसुस प्रदेश सरकारले गरेको छ। परिवर्तनले समय लिन्छ, तथापि, परिवर्तन सम्भव छ।" जारी राख्दै, प्रदेश सरकारले "शिक्षकको भूमिका पाठ्यक्रम पूरा गर्नु मात्र होइन, समाज परिवर्तनमा पनि महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने मुख्य उदेश्यका साथ प्रदेश सरकार अगाडी बढीरहेको छ। समुदायमा विद्यमान लैङ्गिक र जातीय विभेद र छुवाछुतका विद्यमान समस्याहरूको अन्त्यका लागि विद्यालय नै उत्तम ठाउँ छ। त्यासकारण बाल बालिकाहरुका लागि विद्यालय मुखी शिक्षा कार्यक्रमलाई अगाडी सारिएको प्रदेश सरकारका शिक्षा अधिकृत यादवप्रसाद दुलालले जानकारी दिनुभयो।

कोशी प्रदेशका सवै सामुदायिका विद्यालयमा पुगेर शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरू लगायत अभिभावकहरु सँग दलित बालबालिकामाथि हुने भेदभाव अन्त्य गर्ने उपायबारे प्रदेश सरकारले छलफल गरिएको छ। यता अर्का दलित अगुवा मोहनलाल सरदार बाँतरले पहाडे मुलका दलित बालबालिकाहरु मध्ये मधेशी मुलका बाल बालिकाहरुको शिक्षाको अवस्था पलिहलाको भन्दा अहिले शिक्षामा सुधार आएको बताउनुभयो। दैनिक मजदुरी गरेर जिवनयापन गर्ने परिवारका बालबालिकाहरु स्कुलमा नाम लेखाए पनि एक दिन जाने अर्को दिन नजाने गरेको उहाँले बताउनुभयो। पढनु भन्दा खान र लगाउनका लागि प्राय बुबा आमासंगै काम गर्न जाने गरेको उहाँले सुनाउनुभयो। पढेर पनि के गर्ने आखिर जन मजदुरी गर्ने पर्छ, कतै जागीर पाईदैन, भन्ने चिन्ताले अझै पनि उनीहरुको मनमा छदै छ। आधारभूत हक र सेवाबाट वञ्चित तथा समाजको सिमामा बाँचिरहेका दलित बालबालिका, र तिनका परिवारको मर्यादा, हक र कल्याणको प्रवर्द्धन र प्रवर्द्धनका लागि प्रदेश सरकारले विशेष योजना ल्याउन उहाँले सुझाव दिनुभयो। मोरङ धनपालथान गाउँपालिका(७ की १४ वर्षीय बविता ऋषिदेव आर्थिक अभावका कारण बिद्यालय छाड्रेर जनमजदुरीको काम गरेर जीविकोपार्जन गर्दै आईरहेकी ऋषिदेव प्रदेश सरकारको पहलले बविता उच्च शिक्षा अध्ययन गर्न थाल्नु भएको छ।

घरको आर्थिक अवस्था र पारिवारिक समस्याका कारण बविता १४ वर्षको उमेरमै बिद्यालय छाडे्र विराटनगर लगायता गाउँका किसानहरुको घरमा जनमजदुरीको काम गर्दै थिईन्। जनमजदुरीको काममा पनि भरपर्दो कमाई थिएन्। उहाँको बुवा रमेश ऋषिदेव पनि जनमजदुरी गर्नुहुन्छ। आर्थिक अवस्था कम्जोर भएकै कारण परिवार धान्न गाह्रो भएपछि उहाँले आफ्ना अध्ययनलाई पुरा नै नगरी पढाई छाडेकी बविता अहिले पढन थालेपछि खुशी छिन्। यता अर्की विद्यार्थी भोजपुरकी शान्ति राई पनि प्रदेश सरकारको पहलले उच्च शिक्षा अध्ययन गर्न थाल्नु भएको छ। घरको आर्थिक अवस्था र पारिवारिक समस्याका कारण भोजपुरका एक विद्यालयमा कक्षा ५ बढदै बालबिवाह भयो, कक्षा ५ सम्मको अध्ययन नसक्दै बिचमा पढाई छाड्र अरुको घरमा काम गर्न बाध्य हुनुभयो। शान्तिको उच्च शिक्षा अध्ययन गर्ने इच्छा एतिवेला सम्भव भयो। प्रदेश सरकारले गरेको यी कामहरु प्रशंसनीय छ। कोशी प्रदेश सरकारका आगामी योजनाहरू : समेत माथीकै क्षेत्र भित्र रहेर बजेट तथा कार्यक्रमले निर्दिष्ट गरे बमोजिम सञ्चालन हुने लक्ष्य राखिएको छ।

## नयाँ समिकरण...

समानुपातिक समावेशिता, धर्मनिरपेक्षता, जातीय उन्नयन, दलित-जनजाति-महिलाको नीतिगत तहमा समावेशीकरणका विरोधी शक्तिको जगजगी छ । र यो समीकरण पनि तिनकै संरक्षक, सहयोगी, शुभेच्छुकहरूको नै समीकरण हो । धर्मनिरपेक्षताका विरुद्ध ब्राह्मणवादी-पण्डा-प्रवृत्तिका हिन्दुको समर्थनमा यो समीकरण चल्नेछ । जातीय मुक्तिको प्रश्न, पहिचानको प्रश्न, समतावादी समानीकरणको प्रश्नमा असहमत शक्तिहरू नै एक ठाउँमा उभिएका छन् । दलित र महिलाको नीतिगत क्षेत्रमा निर्बाध प्रवेश र त्यस्तै पद र तहमा उपस्थिति कैयौँलाई फिटिक्कै मन परेको छैन ।

अझ स्थानीय तहमा अनिवार्य सहभागिता त झनै पचिरहेको छैन र अस्वीकार गरिएको छ । मधेसी ठाडो शिर पारेर काठमाडौँमा हिँडेको त अभिजात्य, कुलीन, सम्भ्रान्त वर्गलाई चित्तै बुझेको छैन । समानुपातिक समावेशिता र आरक्षणलाई लिएर-'त्यो अछुत म बाहुनको हाकिम हुने ?','त्यो भोग विलासको खेलौनाले हाम्रो नीति निर्माण गर्ने ?',' असक्षम, कमजोर, गरिब, अमर्यादित वर्गले हाम्रो टाउकोमा टेक्ने ?' कामी दमैले हामी बाहुनलाई शासन गर्नु अधर्म होइन ?' जनजातिहरु हाम्रा मालिक हुने र माथि-माथिका पदमा आसीन हुन जाने ?' ' हेर त सबै नीच वर्ग प्रशासनका कुर्सीमा बसेको पनि सुहाएन ?' विद्यमान परिवर्तनलाई मन नपराउनेहरुले उठाएका प्रश्न हुन् यी ।

कारण यो परिवर्तनको उत्तराधिकारी माओवादी हो । अग्रगमन, प्रगति, समृद्धि, समान र सबैको विकास आदि विषय मन नपराएका यथास्थितिसम्म पनि हैन, पश्चगामी, पतनशील पथका अनुगामीहरूले नयाँ समीकरणलाई निश्चय नै आफ्नो हित-स्वार्थमा उपयोग गर्नेछन् । अस्थिरताको सिर्जना गर्नकै लागि नयाँ समीकरण गरिएको हो भन्नेकुरा परिणामहरूले देखाउनेछन् । पर्खौं र हेरौं के हुन्छ ? संविधान मान्न नचाहने अराजकतावादी शक्तिहरूसँग अनैतिक र अस्वाभाविक मेल हुनु कसरी स्थिरताको कारक हुन सक्ला ? उत्तर पर्खनै पर्छ । विचार-आदर्श-गन्तव्य, वर्ग र शैली 'मिलाई' गरिएको समीकरण त चार महिना टिक्दैन भने कुनै विषय नै नमिलिकन नै माओवादीसँगको बदलाभावले गरिएको समीकरणले स्थायित्व दिने कुरा मरुभूमिको झरी जस्तै हो । स्वार्थ, सत्ता, भय र ईर्ष्या मिलेर बनेको समीकरणले स्थायित्व दिएछ भने स्यालको सिङ पलाएछ भन्ने सम्झौँला, केही छैन ।

प्रशस्त चर्चा र आङ्कलनहरू, अनुमान र परिकल्पनाहरूले अब विदेशी शक्तिहरूको जोड नेपालमा दुई दलीय तानाशाही हुनेछ भनिरहेका छन् । 'धेरै दल अस्थिरताका कारक भए,' 'साना साना दलहरूले ठुला दललाई कजाए' र त अस्थिरता आयो, 'त्यसकारण दुई ठुला दलको समीकरण' भन्ने जुन भाष्य सिर्जना गर्न खोजिँदैछ त्यसले साना दल जतिको अन्त्य गर्नु पर्छ, भन्ने निष्कर्ष दिन्छ । गणतन्त्र र लोकतन्त्र सबैको हैन ? एउटै नागरिकले पनि प्रधानमन्त्री बन्न पाउने प्रावधान संविधानले दिएको छैन ? गणतन्त्रमा सबै फूल फुल्न पाउँछन् भनेको हैन ? अनि किन निमोठ्ने साना दललाई ? जति धेरै विचार फुल्न पाउँछन् त्यति धेरै नयाँ गन्तव्य पत्ता लाग्छ हैन र ? नयाँ नयाँ योजना, दृष्टिकोण, राष्ट्रिय चिन्तन, नव निर्माणका आधार ती सानाहरूमा पनि त हुन सक्छ, जुन ठुलाहरूमा छैन । अनि आधारै भत्काएर निश्चित शक्तिले देशमा दुई दलीय तानाशाही चलाउने सपना जे देख्न खोजिएको छ यसले राम्रो गर्दैन, गर्दै गर्दैन ।

अर्को कुरा 'संविधान संशोधन गर्न नयाँ समीकरण गरेको' भनिएको छ । परिवर्तन ल्याउने मुख्य शक्ति माओवादीलाई पाखा राखेर गरिने संशोधन भनेको २०४७ को संविधान ब्युँताउने र सबै परिवर्तन उल्ट्याउने योजना हैन भनेर भन्न सक्ने स्थिति, उहाँहरूमा छैन । संविधान प्रदत्त अधिकारमा मुख्यतः गणतन्त्र, सङ्घीयता, समानुपातिकता, लोकतन्त्र, धर्मनिरपेक्षता, समावेशिता आदि पर्छन् । अनि महिला दलित जनजाति मैत्री प्रावधानहरू पनि छन् । खाद्य, स्वास्थ्य, शिक्षा, आवास आदि मौलिक अधिकारहरू पनि छन् ।

खुला र स्वतन्त्र समाजका अन्तर्य पनि छन् । सामन्त अभिजात्य कुलीन धनाढ्यहरूको एकाधिकार प्रभुत्वको अन्त्यको चाहना पनि छ । समाजवादको सपना पनि संविधानमा छ । मुलुक समृद्ध, सम्पन्न, विकसित बनाउने दृष्टिकोण पनि छ । तथा राष्ट्रिय स्वतन्त्रता, स्वाधीनता, अखण्डता, स्वाभिमानको सम्बर्द्धन, संरक्षण, समृद्धीकरण जस्ता कुरा पनि छन् । ती फालेर 'सार्वभौम जनता'का ठाउँमा 'सार्वभौम व्यक्ति' स्थापित गर्नका लागि संविधान संशोधन गरियो भने के होला ? तसर्थ गलत नियतले समीकरण नै गर्नु हुन्नथ्यो, तर गरियो । यसको प्रतिफल के निस्कन्छ हेर्दै जाऔँ । यो समीकरण परिवर्तनलाई नै उल्ट्याउने योजनाका साथ बनेको भन्ने जनतालाई थाहा नै छैन । माओवादीले ल्याएका गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता, जनजाति, महिला, दलित, मधेसी आदिका मुक्तिका विषय उसैलाई फर्काई दिनुपर्छ भन्ने सोचले संविधान संशोधनका कुरा ल्याइएको हो भने यसमा जनताले दिने प्रतिक्रिया भोलि नै थाहा हुनेछ ।

अब दुई ठुला दलको समीकरण सबै साना राष्ट्रिय-क्षेत्रीय दललाई निमिट्यान्न पार्न 'यिनले नै अस्थिरता र भाँडभैलो ल्याएका हुन' भन्ने आरोपका साथ गरिएकोमा यसका पछाडि ठुलो गुरुयोजना र षड्यन्त्र लुकेको आभास भइरहेछ । यसलाई दुई दलबिच, मध्यरातमा, अमुक होटेलमा गोप्य रूपमा लुकेर गरिएको 'सात बुँदे सहमति' वा 'साझा सङ्कल्प' आजसम्म सार्वजनिक नगर्नुले पुष्टि गर्छ ।

अब दुई ठुला दलको समीकरण सबै साना राष्ट्रिय-क्षेत्रीय दललाई निमिट्यान्न पार्न 'यिनले नै अस्थिरता र भाँडभैलो ल्याएका हुन' भन्ने आरोपका साथ गरिएकोमा यसका पछाडि ठुलो गुरुयोजना र षड्यन्त्र लुकेको आभास भइरहेछ । यसलाई दुई दलबिच, मध्यरातमा, अमुक होटेलमा गोप्य रूपमा लुकेर गरिएको 'सात बुँदे सहमति' वा 'साझा सङ्कल्प' आजसम्म सार्वजनिक नगर्नुले पुष्टि गर्छ । के छ सातबुँदे साझा सहमतिमा ? दुईदलीय तानाशाही ? परिवर्तन पल्टाउने सहमति ? माओवादीको अस्तित्व नै नामेट पारिदिने योजना ? साना दलहरुको अन्त्य ? साम्राज्यवादी शिविरलाई नेपालमा स्थायित्व प्रदान गर्ने सहमति ? खुला र प्रतिस्पर्धात्मक समाजमाथि नियन्त्रण ? विदेशी शक्तिकेन्द्रको निर्देशन पालनाको प्रतिबद्धता ? या अरू केही ? 'जे भए पनि माओवादीको अस्तित्व नामेट नपारी हाम्रो भविष्य सुनिश्चित छैन ।' 'माओवादीले हाम्रा विरुद्ध भ्रष्टाचारको कारबाही कार्यान्वयन गर्ने योजनाबाट वितण्डा सिर्जना गर्न खोज्यो ।' 'ठुला ह्वेल माछा नै जालमा पार्ने सङ्कल्प सुशासनको नाममा गर्न खोज्यो' भन्ने बुझेर नै नयाँ समीकरण हतारोमा गर्नु परेको हो भन्ने बुझाइ कति सही र कति गलत हो ? यसको उत्तर दुई ठुला दलले नदिई सुख पाउने छैनन् ।

'माओवादीको अस्तित्व हराउँदै छ ।' 'यो दिनदिनै कमजोर र क्षयीकरण भइरहेछ ।' 'अर्को चुनावमा माओवादी रहने छैन । माओवादीलाई भित्तैमा पुराउनु पर्छ' । 'अब माओवादीको नामोनिशान रहने छैन' भन्ने जस्तो गोयबल्स प्रचारबाजी जो सुरु भएको छ त्यसले 'माओवादीलाई नामेट पार्ने योजना छ' भन्ने भनाइलाई पुष्टि गर्छ ।

अर्को विषय एमाले र काँग्रेस दुबैले माओवादीले ल्याएको बजेटमाथि तीव्र प्रतिक्रिया र असन्तुष्टि जनाइरहे । त्यसका पछाडि लुकेको रहस्यमय विषय थियो-बजेट कनिका छराइमा नआउनु । 'कनिका छराइ र कार्यकर्ता चराइ'को हिजोको परम्परा तोडिन थालेपछि छटपटाएका उनीहरूको 'कनिका चर्न नपाएपछि कार्यकर्ता लाछापाछा लाग्छन्' भन्ने डरले मन खायो र विरोध भयो । अब चुनाव हारिन्छ भन्ने पिर पनि भयो कारण कार्यकर्तालाई कनिका चर्न नदिएपछि उनीहरू रिसाउँछन् भन्ने यथार्थ पनि थियो । तसर्थ बजेटमा उनीहरूको असहमति आयो । निश्चितै हो यो बजेटले 'कनिका छराइ कार्यकर्ता चराइ'माथि डन्डा हानेकै छ । उनीहरू रिसाउनुमा यो पनि एक बुँदा हुन सक्छ ।

प्रचण्डले सदनको सम्बोधनमा नयाँ समीकरण देशीय शक्तिको मात्र खेल नभएको स्पष्ट भनेका छन् । इण्डो-अमेरिकी शक्ति नेपालमा साम्राज्यवादको बलियो जग हाल्ने ताक र सुरमा छ । तर माओवादी त्यसमा अवरोध हुन्छ । त्यसैले नै उसलाई सत्ताबाट हटाउन जरुरी नै थियो, त्यो भयो । त्यसै जगमा टेकेर साम्राज्यवादको सर्वपक्षीय दुस्मनका रूपमा खडा भएको चीनलाई, रुसको झैँ टुक्रा टुक्रा पार्ने, अस्तव्यस्त तुल्याउने, अराजकता फैलाउने, वितण्डा मच्चाउने, गडबडी गरिरहने दाऊ खोजेर उनीहरू बसिरहेका छन् । त्यसैले ओलीले चीनतिरबाट मुख मोडेर इण्डो-अमेरिकीसँग मुख जोड्ने प्रयास गरेका हुन् भन्ने लाग्छ । सधैँ बाह्यशक्तिबाट निर्देशित र परिचालित हुने नेपालीहरुको बानी यो कदममा पनि छर्लङ्ग देखिन्छ । यो नयाँ स्थिति सिर्जना हुनुमा शक्ति केन्द्रहरूको गुरुयोजना लुकेको छ भन्न डराउनु पर्ने छैन । एमसीसी आउनु र विभिन्न प्रभाव जमाउनुबाट त्यो आशङ्का पुष्टि हुन्छ । रवि लामिछानेले 'केही उच्च तहका व्यक्तिका, भ्रष्टाचारका फाइल खुल्दा बित्तिकै सबै जेलमा कोचिनेछन्' भन्ने अभिव्यक्तिबाट पनि उनीहरू डराएकै ह । 'गिरीबन्धु टी स्टेट' जस्ता दर्जनौं फाइल खुल्ने चरणमा रहेको सुइँको पाएपछि सरकार ढाल्ने खेल भएकोप्रति कसैमा शङ्का छैन । तुच्छ स्वार्थका लागि सरकारै ढालिदिने प्रयोग वा अभ्यास आजको मात्र भने हैन । रातोपाटीबाट


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर


## चीनमा कलेज पढ्न, १६ वर्षदेखि निरन्तर परिक्षा



कतिपय मानिसमा पढ्ने उत्कट इच्छा त हुन्छ नै कुनै निश्चित कलेजमा भर्ना भएर पढ्दैर छाड्ने दृढ संकल्प पनि हुन्छ ।

चीनमा एक ३६ वर्षीय व्यक्ति त्यस्तै उदाहरणीय इच्छाशक्ति भएका मानिस हुन् । चर्चित सिंघुवा विश्वविद्यालयमा भर्ना हुनका लागि उनले पछिल्लो १६ वर्षदेखि लगातार प्रवेश परीक्षा दिइरहेका छन् । तर, विडम्बना अहिलेसम्म पनि उनी पास हुन सकेका छैनन् । त्यसैले होला उनलाई चीनका सबैभन्दा जिद्दी मानिसको रुपमा चिन्न थालिएको छ ।

तांग शांगजुन नामक ती व्यक्तिले चीनको सबैभन्दा कठिन मानिने कलेजमा पढ्न कालगि उनले पहिलोपटक सन् २००९ मा प्रवेश परीक्षा दिएका थिए । त्यसबेला उनले कुल ७५० पूर्णाङ्कमा ३७२ अंक प्राप्त गरे । त्यो अंक उनको सपनाको विश्वविद्यालयको रुपमा रहेको सिंघुवा विश्वविद्यालयमा भर्ना पाउनका लागि निकै कम सावित भयो । त्यति अंकले उनी अन्य सामान्य कलेजमा भर्ना पाउन सक्थे । तर उनको चाहना चाहिं सिंघुवामै पढ्नु थियो । त्यसैले उनले आफ्ना इच्छा पूरा गर्नका लागि लगातार परीक्षा दिइरहे ।

सन् २०१६ सम्ममा उनको प्रवेश परीक्षा अंक सम्मानजनक रुपमा ६२५ आएको थियो । त्यो अंकले उनी आफ्नो गृहप्रान्त गुआंक्सीका विभिन्न विश्वविद्यालयमा भर्ना पाउन सक्थे । तर उनी आफ्नो सुरुवाती रोजाइमा टिकिरहे र अन्य कलेजहरुलाई नजरअन्दाज गरे ।

सन् २०१९ मा तांगले ७५० पूर्णांकमा ६४९ अंक प्राप्त गरे । त्यो अंकबाट उनले सिंघुवामा भर्ना पाउन सक्दथे । तर विडम्बना उनले भर्ना हुन चाहेका दुईवटा प्रमुख विषय भौतिक विज्ञान र रसायन विज्ञान पढ्नका लागि चाहिं त्यो अंक पर्याप्त भएन । अन्य सामान्य विषयमा भर्ना भएर पढ्न उनको मनले मानेन । त्यसैले अहिलेसम्म पनि उनले सिंघुवा विश्वविद्यालयमा भर्ना हुन पाएका छैनन् । अझ पछिल्ला वर्षहरूमा त उनको बढ्दो उमेरसँगै प्रवेश परीक्षामा प्राप्त अंक नै कम हुँदै गएको छ ।

तांगका विषयमा टिप्पणी गर्दै चीनको शिक्षा अनुसन्धान संस्थानका निर्देशक भन्छन्- देशको शीर्ष प्रतिष्ठित विश्वविद्यायमा भर्ना पाउनु एक ठुलो सफलता हो भन्ने उनलाई लागेको छ । यसबाट राम्रो जीवन जीउन मद्दत मिल्छ भन्ने उनको विश्वास छ । तर, जीवनमा सफल हुने विभिन्न तरिका छन् । आफ्नो क्षमताभन्दा बाहिरको कुनै लक्ष्य लिएर जिद्दी गरिरहँदा कहिलेकाही नराम्रोसँग असफलता हात लाग्छ ।


भर्ना खुल्यो !

ल्याब टेक्निसियन-३ वर्षे

हेल्थ असिस्टेन्ट-३ वर्षे

कमप्युटर इन्जिनियरिङ्ग-१८ महिने

फारम भर्ने अन्तिम म्याद:- २०८१ श्रावण १३ गते सम्म
प्रवेश परीक्षा:- श्रावण १९ गते

न्यूनतम योग्यता
SEE उत्तीर्ण गरी न्यूनतम 2.0 GPA वा सो सरह उत्तीर्ण र COMPUTER ENGINEERING

सम्पर्क
नेशनल इन्स्टिच्यूट अफ् टेक्नोलोजी
विराटनगर-४, अच्यूत मिल, सप्तकोशी मार्ग
०२१-४६४३३१, ९८०२७५४१५०, ९८५२०२८४०३